# Research Journal

**A Peer Reviewed Multidisciplinary Journal**
**Vol. X, No. 1, December, 2025**
**DOI URL: http://dx.doi.org/10.3126/rj.v10i1.92976**





# प्रारम्भिक बालविकास केन्द्रमा कक्षा व्यवस्थापन


गंगाराम पौडेल
शिक्षा विभााग, महेन्द्ररत्न वहुमुखी क्याम्पस, इलाम, त्रिभुवन विश्वविद्यालय



***Article Info***

***Article History***
Received: March 20, 2025
Reviewed: May 21, 2025
Accepted: May 30, 2025
Published: Dec 30, 2025

*मुख्य शब्दावली*

बालविकास, प्रारम्भिक व्यवस्थापन, वालकक्षा निरीक्षण, अनुगमन



**सारकथन**

यस लेखको उद्देश्य प्रारम्भिक बालविकास केन्द्रको कक्षा व्यवस्थापको वर्तमान अवस्था र समस्याहरु पत्ता लगाई समस्या समाधानका उपायहरुको खोजी गर्नु रहेको छ । निर्धारित उद्देश्य पुरा गर्नको लागि इलाम जिल्ला फाकफोकथुम गाउपालिका शिक्षा, युवा तथा खेलकुद शाखा अन्तर्गत रहेका दुई सामुदायिक विद्यालय श्री सिंहदेवी माध्यमिक विद्यालयमा सञ्चालित वालविकास केन्द्र र सोही गाउँपालिकाको श्री जनकल्याण मा.वि.को वालविकास केन्द्र र श्री जानकी मा. वि. मा सञ्चालित बालविकास केन्द्र गरी तीनवटा बालविकास केन्द्रहरुलाई अध्ययनको लागि छनौट गरिएको छ। नमूना छनौटको विधि अनुसार उक्त तीनवटा वालविकास केन्द्रका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, वालविकासका शिक्षक, अभिभावक र विद्यार्थी छनोट गरी अवलोकन फारम, अन्तरवार्ता, अनुसूची, अभिलेख अध्ययन, प्रत्यक्ष भेटघाट, कुराकानी र छलफल आदिको माध्यमबाट प्राप्त भएका सूचना तथा तथ्याङ्कहरुलाई संकलन गरी व्याख्या र विश्लेषण गरिएको छ ।

यस लेखका लागि छनौट भएका वालविकास केन्द्रहरुको वर्तमान अवस्थाको पहिचान गर्दा सुविधायुक्त भौतिक पूर्वाधारको अभाव रहेको छ । केन्द्रमा खानेपानीको अभाव, कम उमेरका विद्यार्थी आउने, आधुनिक शैक्षिक सामग्रीको प्रयोगको अवस्था न्यून, पाठ्यक्रम, पाठ्यपुस्तक र सहायक सामग्री अभाव भएको, बालविकासका शिक्षकहरुको पेसा सुरक्षित नभएको गुनासो, प्रभावकारी निरीक्षण तथा अनुगमनको अभाव, खेलमैदानको अभाव, अर्थिक समस्याहरु रहेका छन् । बालविकास केन्द्रमा देखिएका विविध समस्याहरु समाधान गर्नको लागि वालविकास केन्द्रका प्रधानाध्यपक, बालविकास शिक्षक, वि.व्य.स. हरुले स्थानीय निकायमा, राष्ट्रिय रुपमा समाधान गर्न खोजेपनि पर्याप्त देखिएको छैन। आमा समूह, विभिन्न क्लवहरू, चन्दादाता, समाजसेवीहरुको सहयोग लिएर, योजनावद्ध ढङ्गले अघि बढेर विद्यमान समस्याहरुको समाधान गर्दै जाने नीति अवलम्वन गर्न सके गुणस्तरीय र नमुना वाल-विकास केन्द्र बनाउन सकिने देखिन्छ। लेखले अवलम्वन गरेको निष्कर्ष र सुझाव सम्बन्धित निकायहकले अनुसरण गर्न सके बालविकासको सिकाइम सुधार आउने देखिन्छ।

वालकक्षा सञ्चालनमा सरारोकारवाला पक्षहरुलाई सहभागि गराइ, विविध कार्यकम गर्नु पर्ने देखिन्छ। शैक्षिक सामग्रीको आपूर्ति गर्नु पर्ने, शिक्षकहरुलाई सेवा प्रदेश तालिम पुनरताजकी तालिमको व्यवस्था गर्दै नमुनायोग्य बालविकास केन्द्रको भ्रमण गराउने, वालविकासका शिक्षकहरुको मनोवल उच्च राख्दै पेशाको सुनिश्चिन्तता प्रदान गर्नु पर्ने साथै शिक्षा मन्त्रालयले नीतिगत तहमा सुधार गरी न्यायोचित तरिकाले सुविधा बढाउनु पर्ने र उपयुक्त कार्य गर्नेलाई पुरस्कारको व्यवस्था गर्नु पर्ने देखिन्छ।

**प्रारम्भिक बालविकास केन्द्रमा कक्षा व्यवस्थापन**

शिक्षा जीवन पर्यन्त चलिरहने प्रक्रिया हो । शिक्षा विना मानिस अन्धो बराबर हुन्छ । शिक्षा जीवन परिर्वतनको संवाहक पनि हो । शिक्षाले असल खराव छुट्याउने विवेक प्रदान गर्दछ । सहि निर्णयमा पुग्न सक्षम बनाउन, व्यवहारलाई सही र अनुकरणीय बनाउन शिक्षाको जरुरी पर्दछ । शिक्षाले मानवता, नैतिकता, अनुकरण र प्रतिभा प्रष्फुटनमा टेवा पुऱ्याउँदछ । व्यक्तिलाई आदर्श बनाई बालकको सर्वाङ्गीण विकास गराई सत्मार्गमा लाग्न प्रेरण प्रदान शिक्षाले गर्दछ । शिक्षाले वालवालिकाको सर्वाङ्गीण विकास गराउँछ । प्रकृतिवाट बालकले अथाह शिक्षा प्राप्त गर्दछ । पुस्तकबाट गहन अध्ययन गरी ज्ञान आर्जन गर्दछौ । साथै मानवीय जीवनको अनुकरणवाट शिक्षा हासिल हुन्छ । इच्छा र खूवी भएमा प्रत्येक कुराबाट शिक्षा आर्जन गर्न सकिन्छ । शिक्षा प्राप्त गरेको व्यक्ति आदर्श र अनुकरणीय हुन्छ । मानव विकासको क्रमलाई हेर्दा परापूर्वकालदेखि मानिसहरूले आफूले जानेका, सिकेका कुराहरु आफ्ना सन्तानलाई हस्तान्तरण गर्दै आएको पाइन्छ । वालवालिका पहिलो पाठशाला घर हो भने पहिलो शिक्षक आमा हुन् । अनौपचारिक शिक्षाबाट सिकाइ शुरु भई औपचारिकता तर्फ अगाडि वढ्दछ साथै विद्यालयसम्म आइपुग्दा समय सापेक्ष ज्ञान, सीप, दक्षता प्राप्त गर्दछ । आजको युगमा प्रविधिमैत्री शिक्षाको जरूरी छ । ढुंगे युगमा खाना प्राप्त गर्ने, गुरुकुलमा सेवा गर्ने, मोक्ष प्राप्त गर्ने, मध्य युगमा धार्मिक आस्था प्राप्त गर्ने, शिक्षा थियो भने आजको शिक्षा विज्ञान प्रविधिः र सूचनाको विकासको युगमा प्रवेश गरेको छ । आज आइपुग्दा विभिन्न सुविधा सम्पन्न औपचारिक संस्थाको रुपमा विद्यालयहरुको स्थापना भई सेवा प्रवाह भइ रहेको छ । विद्यालयहरुले सामाजिक राजनैतिक लगायत अन्य विविध पक्षहरुको विकास गराउँदै व्यक्तिको अन्तरनिहित प्रतिमा प्रष्फुटनमा सहयोग गरेको छ । बाल अधिकार सम्बन्धी विचार एगलेन्टाइनले ल्याएका हुन (पोखेल, २०६६) । २० नोभेम्बर १९८९ मा संयुक्त राष्ट्रसंघीय महासभाद्वारा वालअधिकार सम्बन्धी महासन्धि पारित भए सगै २ सेक्टेम्बर १९९० मा बालअधिकार सम्बन्धी सन्धी लागू भएको र सन् २००० सम्ममा विश्वका सबै राष्ट्रहरूबाट महासन्धी अनुमोदन गराई विश्वव्यापी दस्तावेज बनाउने प्रयास भएको थियो  महासन्धी १९२ ओटा राष्ट्रले अनुमोदन गरेका थिए । नेपालले सेक्टेम्बर १४ सन १९९९ मा अनुमोदन गरेको थियो । नेपाल सरकारको बाल अधिकारसंग सम्बन्धित ऐन २०७५ सम्ममा प्रत्येक बालवालिकाहकलाई प्रचलित कानुन बमोजिम आधारभूत तहको शिक्षा अनिवार्य र निशुल्क रुपमा बालमैत्री वातावरणमा पाउने साथ शारीरिक र मानसिक अवस्थाअनुसार प्रचलित कानुन बमोजिम दिने साथै छात्रवृत्तिको व्यवस्था मिलाउन पाउने अधिकार हुने व्यवस्था छ । सन् १९९० मा

थाइल्याण्ड जोम्टिनमा र सन् २००० मा सेनेगलको डकारमा "सवैका लागि शिक्षा" सन् १९९४ मा समाहित शिक्षा सम्बधी सालाबान्का घोषणाले शिक्षा विस्तार र सुधार गर्ने लक्ष्य राखेको छ। नेपाल सरकारले सबैका लागि शिक्षा सन् २००१ मा राष्ट्रिय कार्ययोजना (२००१-२०१५) तयार गरेको छ (आचार्य, २०७८)।

वाल विकासको सन्दर्भमा समयसापेक्षा विभिन्न अध्ययन अनुसन्धान भएका छन। बालविकास केन्द्रमा बालबालिकाहरुले भविष्यमा आफूले जान्ने र सिक्नु पर्ने धेरै विषयहरू छन्। बालगीत, कथा, कुराकानी, अवलोकन, चित्र, नाटक जस्ता विभिन्न क्रियाकलापको माध्यमवाट सिकाई गरिन्छ। वाल विकासबाट सिकेका कुराको विद्यालयमा सहयोग पुग्ने र बीचैमा विद्यालय छाड्ने क्रम घट्छ। शिक्षा ऐन शिक्षा २०२८ र नियमावली २०५९ मा चारवर्ष पुरा भएका वालवालिकालाई एक वर्ष पूर्व प्राथमिक शिक्षा र चारवर्ष नभएका वालबालिकालाई गा. पा र न.पा को स्वीकृति लिएर खोजिएका केन्द्रमा शिशु शिक्षा दिने कुरा परिभाषित गरिएको छ ( शिक्षा ऐन २०२८; नियमावली २०५९)। वालविकास निर्देशिका २०६१ को दफा २ मा ३ र ४ वर्षको उमेर समुहका शिशु केन्द्र र ४ र ५ वर्षका लागि पूर्वप्राथमिक शिक्षा दिने व्यवस्था रहेको छ। समुदायमा आधारित भई सन्चालित संस्थाका एकीकृत संरचनालाई बालविकास केन्द्र र सोही निर्देशिका को दफा ३ मा सके वालवालिका सर्वाङ्गीण विकास गर्ने उद्देश्यले सञ्चालित ४ वर्ष उमेर भएका वालवालिकाहरू पूर्व प्राथमिक शिक्षा मात्र दिने विद्यालय वा शिशु केन्द्र पूर्व प्राथमिक विद्यालय भनिन्छ भन्ने उल्लेख छ (प्रारम्भिक बालविकास कार्यक्रम सम्वन्धी निर्देशिका २०६१)।

प्रारम्भिक शिक्षा सबै वालवालिकाले पाउँन सकुन र शिक्षाको गुणस्तरमा सुधार ल्याउन राष्ट्रसंघको वालअधिकार सम्झौता १९८९ लाई नेपालले अनुमोदन गरी आगामी दिन सन् २०१५ सम्ममा सबैलाई शिक्षा दिने रणनीति तयार गरिएको छ। पूर्वप्राथमिक र प्रारम्भिक बाल विकास केन्द्र तथा साक्षरतामूलक गतिविधिका लागि चालु छन्। प्रारम्भिक वालशिक्षा पछि कक्षा १ मा प्रवेश गराउने तयारी गरिएको छ। यस्ता वालविकास केन्द्र छोटो दुरीमा हुनु पर्ने उल्लेख छ। एउटा कक्षामा तालिम प्राप्त शिक्षक हुनुपर्ने र हप्तामा ४.३० घण्टाको दरले शिक्षा दिइन्छ (भण्डारी, २०६४)। हाल नेपालममा विद्यालय तथा समुदायमा ३०,४४८ र संस्थागत विद्यालयमा ६,१२० गरी जम्मा ३,६५६ बालविकास केन्द्रहरु सञ्चालनमा छन्। पन्ध्रौं योजना २०७६/०६६ - २०८०/८१ को कार्यनीति कम्तिमा एक विद्यालय एक बालबिकास केन्द्रको अवधारणा अन्तर्गत स्थानीय तह मार्फत यस्ता केन्द्र वितरण गरी संघीय सरकारबाट अनुदान प्राप्त छन्। प्रारम्भिक वालविकास अध्ययन गर्न

आउने बालबालिकाहरु सिकाइ प्रति जिज्ञासु हुन्छन् । खेल्न रमाउने, दौंतरी बनाउने कार्य गर्दछन् । मनोरन्जनात्मक वातावरणमा सिक्ने अवसर पाउने भएकाले बालविकास केन्द्रका बालविकासहरुमा सम्वेगात्मक विकास राम्रो हुन्छ । सबैका लागि शिक्षा (२००१-२०१५) ले समुदायमा आधारित वाल विकास केन्द्र र विद्यालयमा आधारित बालविकास दुई प्रकार केन्द्रको व्यवस्था छ (राष्ट्रिय योजना आयोग, २०७७) ।

**समस्या कथन**

प्रारम्भिक बालविकास केन्द्र बालबालिकाको शारीरिक, संज्ञानात्मक, सामाजिक तथा भावनात्मक विकासको आधार तयार हुने महत्त्वपूर्ण शैक्षिक चरण हो । यस चरणमा बालबालिकाको सिकाइ उनीहरूको वातावरण, शिक्षक-बालबालिका अन्तर्क्रिया, कक्षाकोठाको व्यवस्थापन र शिक्षण क्रियाकलापसँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ । विशेष गरी कक्षा व्यवस्थापनले बालबालिकाको सहभागिता, अनुशासन, सुरक्षा र सिकाइ प्रभावकारितामा निर्णायक भूमिका खेल्दछ ।

नेपालका धेरै प्रारम्भिक बालविकास केन्द्रहरूमा कक्षा व्यवस्थापन सम्बन्धी विभिन्न समस्या देखिन थालेका छन् । एकै कक्षामा अत्यधिक बालबालिका, अपर्याप्त भौतिक संरचना, सिकाइ सामग्रीको अभाव, बालमैत्री कक्षाकोठा व्यवस्थापनको सीमित अभ्यास तथा शिक्षकहरूको व्यावसायिक तालिमको कमी जस्ता अवस्था सामान्य देखिन्छन् । यस्तो परिस्थितिमा बालबालिकाको ध्यान केन्द्रित गराउन, खेलमार्फत सिकाइ सञ्चालन गर्न तथा सकारात्मक व्यवहार विकास गर्न शिक्षकहरूलाई कठिनाइ भइरहेको पाइन्छ ।

यसका साथै, प्रारम्भिक बालविकास केन्द्रमा कार्यरत शिक्षकहरू प्रायः न्यून पारिश्रमिक, बहुकार्यको दबाब र स्पष्ट कक्षा व्यवस्थापन मार्गदर्शनको अभावमा काम गर्न बाध्य छन् । परिणामस्वरूप कक्षा व्यवस्थापन व्यक्तिगत अनुभवमा आधारित हुने, केन्द्र-केन्द्रमा फरक अभ्यास देखिने र एकरूपता नहुनु जस्ता समस्या उत्पन्न भएका छन् । यसले प्रारम्भिक बालविकास कार्यक्रमको गुणस्तरमा प्रतिकूल प्रभाव पारिरहेको छ ।

यद्यपि प्रारम्भिक बालविकास केन्द्रमा कक्षा व्यवस्थापन बालबालिकाको समग्र विकाससँग प्रत्यक्ष रूपमा सम्बन्धित भए तापनि यस विषयमा केन्द्रित अनुसन्धानहरू सीमित देखिन्छन् । विशेष गरी स्थानीय सन्दर्भमा कक्षा व्यवस्थापनका वर्तमान अभ्यास, देखिएका चुनौतीहरू र सुधारका सम्भावित उपायहरूबारे व्यवस्थित अध्ययनको कमी रहेको छ ।

यसकारण, प्रारम्भिक बालविकास केन्द्रमा कक्षा व्यवस्थापनको वर्तमान अवस्था, व्यवहारिक अभ्यास र त्यससँग सम्बन्धित समस्याहरू पहिचान गर्नु आवश्यक देखिन्छ। यस्तो अध्ययनले बालमैत्री कक्षा व्यवस्थापन प्रवर्द्धन गर्न, शिक्षकहरूको क्षमता विकासमा सहयोग पुऱ्याउन तथा प्रारम्भिक बालशिक्षाको गुणस्तर सुधार गर्न महत्वपूर्ण योगदान दिन सक्छ।

**उद्देश्य.**

प्रारम्भिक बाल विकास कक्षाको उचित व्यवस्थापनसँग यो अध्ययन सम्बन्धित छ। यसका उद्देश्य निम्न छन् :

(क) प्रारम्भिक वाल विकास केन्द्रको कक्षा व्यवस्थापनको वर्तमान अवस्थाको पहिचान गर्नु,

(ख) प्रारम्भिक बाल विकास केन्द्रका समस्याहरुको विश्लेषण गर्नु,

(ग) प्रारम्भिकबालविकास केन्द्रमा देखिएका समस्याहरु समाधानका उपायहरूको खोजी गर्नु।

**अध्ययनको परिसिमा**

सिमित श्रोत साधन भित्र रहेर यो अध्ययन गर्नु पर्ने भएकाले छनोटमा परेका विद्यालय तथा केन्द्रका प्र.अ., बालकक्षा शिक्षक र सम्वन्धित सरोकारवालासँग प्रत्यक्ष भेट, अन्तर्वार्ता, छलफल, स्थलगत अवलोकन, विभिन्न तथ्याङ्क तथा जानकारीहरू संकलन गरिएको छ। क्षेत्र व्यापक भएपनि तपशिल अनुसार योजना वनाइएको छ :

(क) यो अनुसन्धान फाकफोकथुम गाउपालिका वार्ड न ७ अन्तर्गत रहेका दुई सामुदायिक विद्यालय सिंहदेवी मा.वि., एकतप्पा र श्री जनकल्याण मा.वि., दोकानडाँडामा सञ्चालित बालविकास केन्द्रको कथा व्यवस्थापनमा आधारित छ।

(ख) यी विद्यालयमा सञ्चालित बालविकास केन्द्रको कक्षा व्यवस्थापन, अन्तर्गत पूर्वाधार, सरसफाइ, सुरक्षा न्यूनतम सामग्री, मानवीय श्रोत साधन, अनुगमन निरीक्षणसहित विविध पक्षको अध्ययन गरिएको छ।

**अध्ययन विधि**

प्रस्तुत लेखकों विषय र क्षेत्रको आधारमा गुणात्मक तथा परिणात्मक ढाँचाको प्रयोग गरिएको छ। यहाँ आवश्यक पर्ने गुणात्मक सूचना सरोकारवालाहरुसँग प्रत्यक्ष भेटघाट गरी अन्तरवार्ता सूचीका आधारमा लिइएको छ भने संख्यात्मक सुचनाका द्वितीय स्रोतबाट लिइएको छ।

**प्रस्तुतीकरण र विश्लेषण**

यो अध्ययन इलाम जिल्लाको पश्चिमी भेगमा अवस्थित फाकफोकथुम गाउपालिकामा पर्ने एकतप्पामा रहेका दुई बालविकास केन्द्रको कक्षा व्यवस्थापनसँग सम्बन्धित रहेको छ। फाकफोकथुम गा.पा वाड नं. ७ का दुई विद्यालय श्री सिंहदेवी मा.वि. र श्री जनकल्याण मा. वि. मा सञ्चालित बालविकास केन्द्रका सरोकारवालाहरूसँग प्रत्यक्ष भेटघाट, अन्तरवार्ता प्रश्नावली र अवलोकन फारमबाट प्राप्त सूचना तथा तथ्याङ्कहरुलाई निर्धारित उद्देश्य प्राप्त गर्नका लागि देहाय अनुसार विश्लेषण गरिएको छ :

**बालविकास केन्द्रको भौतिक पूर्वाधार अवस्था**

बाल विकास सञ्चालनको लागि भौतिक पूर्वाधारको अवस्था राम्रो हुनु पर्छ। छनोट गरिएका विद्यालमा सञ्चालित वालविकास केन्द्रका भवनहरू मध्ये सिहदेवी मा.वि. को भवन पक्की रहेको तर छुटै भवन नभएको छ भने जनकल्याण मा.बि. को भवन कच्ची टिनको छाना भएको विद्यालयका लागि बनाइएको कोठामा साना बालबालिका लागि सुविधाजनक नभएको पाइयो। झ्याल ढोकाहरू ठिकै मात्रामा रहेको र विद्यार्थी संख्या अनुपातको आधारमा कक्षा कोठा पर्याप्त रहेको पाइयो। एक कक्षा कोठामा कक्षा सञ्चालन र अर्कैमा विभिन्न सामग्री राख्न प्रयोग गर्ने गरेको पाइयो। कक्षा कोठाको भित्तामा भित्ते लेखन गरेको तर भवन पुरानो रहेको पाइयो। विद्यालयको चारैतिर पक्कीवाल लगाउनु पर्ने देखियो। त्यसैगरी सिंहदेवी मा.वि. वालविकास केन्द्रको भवन पक्की भए पनि घेरावारा नगरिएको पाइयो। भवनका कोठाहरु साना तथा विद्यार्थी अनुपातमा पर्याप्त नभएको पाइयो। कंक्षाकोठा साँगुरो झ्यालहरु साना पाइयो। जनकल्याण मा.वि वालविकास केन्द्रको भवन कच्ची, टिनको छाना भएको सागुरो ठाउमा विद्यालय रहेको पाइयो। भुइ प्लास्टर नगरेको, धुलोमैलो रहेको, विद्यार्थीका संख्याको अनुपातमा कोठा अपर्याप्त रहेको देखियो। झ्याल साना भएकाले कक्षाकोठामा प्रकाश कम छिरेको पाइयो। कक्षा कोठाको भित्ता भित्र लेखन गरेको पाइयो। उच्च ठाउँमा बाल विकासको भवन रहेकाले राम्रो देखियो।

छनोटमा परेका बालविकास केन्द्रका कक्षाहरु भौतिक पक्षको अध्ययन गर्दा श्री सिहदेवी मा.वि. मा सञ्चालित बालविकास केन्द्रको अवस्था राम्रो देखियो भने श्री जनकल्याण मा.वि को बालविकास केन्द्रको भौतिक पूर्वाधारको अबस्था केही कमजोर देखियो ।

**बालविकास केन्द्रको कक्षा व्यवस्थापनको अवस्था**

छनोटमा परेका बालविकास केन्द्रको कक्षा व्यवस्थापनलाई निम्न अनुसार तालिकावाट देखाइएको छ :

**तालिका १**

*बालविकास केन्द्रको कक्षा व्यवस्थापनको अवस्था*

| क.स. | विवरण | सिहदेवी मा.वि | श्री जनमल्याण मा.वि. |
|---|---|---|---|
| १ | भुइ प्लस्टर | भएको | नभएको |
| २ | भित्तेलेखन | भएको | भएको |
| ३ | जुत्ताचप्पल झोला राख्ने त्याक | भएको | नभएको |
| ४ | चित्रकलाका किताव | १० | ५ |
| ५ | डस्वीन | ३ | २ |
| ६ | विभिन्न चार्ट | १० | ३ |
| ७ | कार्पेट | १० | ५ |
| ८ | श्वेत पाटी | १ | १ |
| ९ | वालगीतका किताव | २ | - |
| १० | दराज | १ | १ |
| ११ | टेवल | ३ | २ |
| १२ | चकटि | १२ | १० |
| १३ | टि.भि. | १ | १ |

नमुनामा परेका वालविकास केन्द्र मध्ये श्री सिंहदेवी मा.वि. वालविकास केन्द्र भुई प्लस्टर भएको पाइयो भने श्री जनकल्याण मा.वि. वालविकास केन्द्रको भुई प्लस्टर नभएको पाइयो । कक्षा कोठामा कार्पेट गरेको पाइयो

। बालगीतका किताब सिंहदेवी बालविकास केन्द्रमा रहेपनि जनकल्याण मा.वि बालविकास केन्द्रमा नरहेको पाइयो । श्री सिंहदेवी मा.वि. केन्द्रमा भौतिक अवस्था जनकल्याण मा.वि को तुलनामा राम्रो रहेको पाइयो ।

**बालविकास केन्द्रमा कक्षा शिक्षण विधिको अवस्था**

छनोटमा परेका बालविकास केन्द्रकको कक्षा अवलोकन भई रहेको समयमा अवलोकन गर्दा सिंहदेवी मा.विमा भर्ना भएका १५ जना मध्ये ११ जना र जनकल्याण मा.विमा १३ जना मध्ये ८ जना उपस्थित रहेको पाइयो । कक्षा अवलोकन तथा प्रत्यक्ष छलफलको आधारमा बालविकास केन्द्रका शिक्षकहरुले प्रयोग गर्ने शिक्षण विधिहरु निम्नानुसार छन :

| क.स | बालबिकास केन्द्रको नाम | प्रयोग गरिएको शिक्षण विधि |
|---|---|---|
| १ | सिहंदेवी मा.वि बालविकास केन्द्र | गीत, खेल, प्रदर्शन, नाटक, लेखन पठनपाठन, छलफल, कथाकथन |
| २ | जनकल्याण मा.वि बालविकास केन्द्र | गीत, छलफल, प्रदर्शन, नाटक लेखन, खेल |

यो तालिका हेर्दा दुबै बालविकास केन्द्रमा गीतवाट शुरु गरिएको पाइयो । त्यसपछि लेख्न लगाउने, खेलाउने, नाटकीकरण गर्ने, दुबै बालविकास केन्द्रमा तालिका बनाएर पढाउने गरेको पाइयो । कक्षामा पाठ्यक्रम, शिक्षण सहयोगी पुस्तिका, बालकथा र उमेर सुहाउँदा पुस्तकहरु राखिएको र सोही अनुसार कक्षा सञ्चालन, गरेको पाइयो । स्थानीय स्तरमा उपलब्ध हुने सामाग्री विद्यार्थी र बालविकास शिक्षकले सञ्चालन गर्ने कक्षामा सामग्री संकलन गरी शिक्षणमा प्रयोग गरेको पाइयो ।

**बालविकास केन्द्रमा शौक्षिक सामग्रीको अवस्था**

सिकाइ शिक्षण प्रभावकारी र अर्थपूर्ण बनाउन प्रयोग गरिने शैक्षिक सामग्रीको प्रयोग गरिन्छ । साना वालवालिकाहरु खेल्दै रमाउदै सिक्ने भएकाले शैक्षिक सामग्रीको अझ बढी महत्व हुन्छ । नमूना छनोटमा परेका श्री सिंहदेवी मा.वि वाल विकास केन्द्रमा शौक्षिक सामग्री उपयुक्त देखिन्छ । इन्टरनेट जडान गरी आधुनिक शैक्षिक सामग्रीको स्मार्ट टिभी प्रयोग गरेको पाइयो भने श्री जनकल्याण मा.वि. बालविकास केन्द्रमा स्मार्ट टिभि नभए पनि अन्य शैक्षिक सामग्रीहरु, श्याम श्वेत पाटी, भित्ते लेखन, मादल, जातिगत भेषभुषा र सजावट गरेको पाइयो । दुबै बाल विकास केन्द्रकमा न्यून आम्दानीका कारण इन्टरनेट जडान भए पनि राम्रोसँग नचल्ने देखियो । दुबै

बालविकास केन्द्रहरूमा स्थानीय स्तरमा पाइने शैक्षिक सामग्रीहरु सङ्कलन गर्न केन्द्रसँग सम्वन्धित सबै पक्ष सक्रिय हुनु पर्ने देखिन्छ ।

**बालविकास केन्द्रमा सरसफाइको अवस्था**

बालविकास केन्द्र सामुदायिक विद्यालयमा रहेकोले यसको सरसफाइका अवस्था कमजोर देखियो । डस्वीन राखे पनि फोहोरको उचित प्रबन्ध मिलाएको पाइएन । बालविकास केन्द्रका शिक्षकहरुले हप्ताको २ पटक सरसफाइ गर्ने गरेको पाइयो । शौचालय गएर आएपछि साबुन पानीले हात धुन सिकाउने गरेको पाइयो । सिंहदेवी मा.वि. बालविकास केन्द्रमा कार्पेट सफा गर्नु पर्ने देखियो । जनकल्याण मा. वि बालविकास केन्द्रमा नयाँ कार्पेट लगाउनु पर्ने, शौचालयमा साबुन राख्नु पर्ने देखिन्छ । बच्चाहरुको नङ्ग; कपाल, कान, शारीरिक सफाइ गर्नु पर्ने देखियो ।

**बालविकास केन्द्रमा धारापानी र शौचालयको व्यवस्थाको अवस्था**

बालविकास केन्द्रहरू बालमैत्री कक्षा व्यवस्थापनको सन्दर्भमा पिउने पानीको धारा र शौचालय पनि बालमैत्री हुन आवश्यक छ । जब पिउने पानी अशुद्ध हुन्छ तव बालवालिका रोगको सिकार हुन्छन् ।

छनोटमा परेका बालविकास केन्द्रमा खानेपानीको अवस्था सिहंदेवी मा.वि. केन्द्रमा राम्रै रहे पनि जनकल्याण मा.वि. मा कमजोर रहेको देखियो । सिंहदेवी मा.वि. वालविकास केन्द्रमा फिल्टरको व्यवस्था रहेको पाइयो । जनकल्याण केन्द्रमा पनि पानी फिल्टर गरेर मात्र बच्चालाई खानेपानी दिने गरेको पाइयो । दुवै वालविकास केन्द्रमा शौचालयको प्रवन्ध राम्रो देखियो । बच्चा आफै जान आउन सम्ने ठाउँमा राखेको र साबुन, बाल्टीन, मग हार्पिक, ओडोनिल, ब्रस जस्ता न्यूनतम सरसफाइका सामग्रीको व्यवस्था गर्नु पर्ने देखिन्छ । कुचो झाडू राख्नु पर्ने दैनिक सरसफाइ गर्नु पर्ने, बच्चाको लागि शौचालय बेग्लै हुनुपर्ने देखियो । यसरी हेर्दा दुवै केन्द्रमा मध्यम खालको व्यवस्था भए पनि नपुग देखियो ।

**बाला विकास केन्द्र सञ्चालन व्यवस्थापन समितिको अवस्था**

नेपाल सरकारले विद्यालय तथा बालविकास केन्द्रको सञ्चालनको जिम्मेवारी समुदायलाई दिएको छ । हाल व्यवस्थापन समितिको गठन गरी शिक्षण संस्था सञ्चालनमा छन् । व्यवस्थापन समिति गठन गर्दा समावेशी सिद्धान्तका आधारमा गर्नु पर्ने र विद्यालयका बालविकास केन्द्र भौतिक निर्माणदेखि शैक्षिक प्रशासानिक, आर्थिक, मानव संसाधन जस्ता विविध पक्षहरुको व्यवस्थापनको जिम्मेवारी दिइएको पाइन्छ । छनोटमा परेका दुवै

विद्यालयमा सञ्चालनको लागि गठन गरिएका व्यवस्थापन समितिको अवस्था अध्ययन गरी श्री सिंहदेवी मा.वि. बालविकास केन्द्र र जनकल्याण मा.वि. बालविकास केन्द्र सञ्चालन गर्दै आएको व्यवस्थापन समिति नै काम गर्दै आएको देखिन्छ । दुवै समिति शिक्षा नियमावली अनुसार गठन भएको देखिन्छ ।

**बालविकास केन्द्रमा पोषण तथा सुरक्षाको व्यवस्था**

बालविकास केन्द्रमा आउने साना बच्चाका लागि खाने खाजा पोषणयुक्त हुनु पर्दछ । दिवा खाजाको व्यवस्था नेपाल सरकारले गरेको छ । छनोटमा परेका दुवै विद्यालयमा दिवा खाजाको व्यवस्था गरेको देखिन्छ । भवनहरू सुरक्षित छन् । सिमेन्ट, इँटा, ढुँगाबाट बनेका छन् । बालवालिका सुरक्षा गर्नु केन्द्रको दायित्व हो । दिवा खाजामा बिस्कुट, मुटेको चना, भुजा, अण्डा, मासु दिने गरेको पाइयो ।

**बालविकास केन्द्रमा मूल्याङ्कन प्रक्रियाको व्यवस्था**

शैक्षिक कार्यक्रमको अन्त्यमा गरिने उपलब्धीलाई लेखाजोखा गर्ने प्रक्रियालाई मूल्याङ्कन भनिन्छ । गुणस्तर निर्धारण गर्ने, अघिल्लो कक्षामा जाने आधार, विभिन्न पक्षमा देखिएका कमिकमजोरी सुधार गर्ने आधार मूल्याङ्कन हो । मूल्याङ्कन विभिन्न साधनको प्रयोग गरि गरिन्छ । नमूना छनोटमा परेका बालविकास केन्द्रमा ७५% हाजिरी, निरन्तर मूल्याङ्कन, त्रैमासिक, अर्धवार्षिक र बार्षिक परीक्षामा प्राप्त गरेको अङ्कका आधारमा कक्षा चढाउने गरेको पाइयो । बालवालिकाको हाजिरी अभिलेख, अक्षर चिनेको आधारमा मूल्याङ्कन गरेको पाइयो ।

**बालविकास केन्द्रमा खेल मैदानको अवस्था**

बाल विकास केन्द्रमा आउने साना नानीहरू खेल्दै रमाउने र सिक्ने भएकोले खेल मैदानको उचित प्रबन्ध हुनु पर्दछ । अध्ययनको लागि छनोटमा परेका बालविकास केन्द्रहरु मध्ये श्री सिहंदेवी मा.वि. केन्द्रमा खेल मैदानको प्रचुर प्रबन्ध भएको तर जनकल्याण मा.वि केन्द्रमा सानो खेलमैदान भएकाले बच्चाहरू राम्रोसँग खेल्न पाएका छैनन् । जग्गा थोरै भएको र भवन निर्माणमा नै सकिएको देखियो ।

**प्रारम्भिक बालविकास केन्द्र व्यवस्थापनमा देखिएका समस्याहरु**

घरको साँघुरो घेराबाट बाहिर आजंका नानीहरुमा माया, स्नेह दिएर सिकाउनु पर्ने देखिन्छ । यस्ता साना बालबालिकाहरूलाई सीप र अक्षर सिकाउनु ज्यादै कठिन देखिन्छ । भौतिक पुर्वाधारको निर्माण गर्दै पर्याप्त शैक्षिक सामग्रीको व्यवस्था गरी बालमैत्री वातावरणको सिर्जना गरी सिकाउनु कठिन छ । १२ कक्षा पास गरेका विवाहित

महिला वालविकास शिक्षक चयन हुनुपर्छ भने पनि अझै कतिपय केन्द्रमा ८ पास गरेका शिक्षकहरू पाइयो । बालमैत्री कक्षा निर्माण, मनोविज्ञान बुझ्ने शिक्षक, भौतिक पूर्वाधार, शैक्षिक सामग्री आदिका अभाव छन् ।

**प्रारम्भिक बालविकास केन्द्र व्यवस्थापनमा देखिएका समस्याको समाधानका उपायहरु**

समस्याहरु समाधान नगरी त्यसै छाडिदिने हो भने त्यसले जटिल समस्या ल्याउन सक्छ । समस्याका पछाडि समाधानका उपायहरु अवस्य हुन्छन् । नमूना छनोटमा परेका बालविकास केन्द्रको व्यवस्थापनमा धेरै समस्याहरू देखिएका छन् । ती विभिन्न समस्याहरुलाई प्राथमिकताका आधारमा समाधान गर्नु पर्दछ । संघसंस्था, क्लव, आमा समुह, शिक्षा शाखा, गैरसरकारी संस्थासंग हातेमालो गरेर समाधान गर्नु पर्दछ । छनौटमा परेका बालविकास केन्द्रमा देखिएका समस्याहरुलाई समाधन गर्नका लागी यी उपाय अपनाउन सकिन्छ- भौतिक सुविधामा विस्तार हुनुपर्ने, शैक्षिक सामग्री र मनोरञ्जकका साधनहरुको पर्याप्त व्यवस्था हुनुपर्ने, खेल मैदानको व्यवस्था हुन पर्ने, स्वच्छ र सफा खानेपानीको व्यवस्था हुनुपर्ने, निरीक्षण तथा अनुगमन नियमित हुनुपर्ने, अभिभावक र समुदायसँगको सम्वन्ध विस्तार हुनुपर्ने, बालविकासका शिक्षकको वृत्तिविकास र तालिमको व्यवस्था हुनुपर्ने र बालविकास केन्द्रमा पोषणयुक्त ताजा खाजाको व्यवस्था गर्नु पर्छ ।

## निष्कर्ष

प्रारम्भिक बालविकास केन्द्रमा कथा व्यवस्थापन शीर्षकमा लेखिएको यस लेखको स्थलगत अध्ययन, अवलोकन, अन्तरक्रिया छलफल, प्रश्नोत्तर आदिबाट प्राप्त तथ्याङ्कको व्याख्या निश्लेषण गरी निष्कर्ष निकालिएको छ । बालविकास केन्द्रको मार्फतमा अवस्था, केन्द्रको व्यवस्थापनमा रहेका समस्याहरु समस्या समाधानका उपायहरू खोजी गर्ने उद्देश्यले गरिएको छ । यी उद्देश्यहरु पुरा गर्न नमूना छनोटमा परेका दुई ओटा बालविकास केन्द्रहरुको भौतिक अवस्था शैक्षिक सामग्रीको व्यवस्थापन, खेल मैदान, खापानेपानी, शौचालयको अवस्था र अन्य पक्षमा अध्ययन गरिएको छ । वालविकास केन्द्रमा कक्षा व्यवस्थापन, सरसफाइ, विद्यालय समूदाय सहयोग र शैक्षिक सामग्रीको व्यवस्था सम्बन्धी अध्ययन गरिएको छ । बालविकास केन्द्रमा व्यवस्थापनका सम्बन्धमा समस्या पहिचान गर्न विद्यालयका, प्र अ. बालविकास शिक्षक, वि.व्य.स. अध्यक्ष, बालविकास केन्द्रका अध्यक्ष, अभिभावक र विद्यार्थीसँग छलफल, अर्न्तवार्ता गरिएको छ । बालविकास केन्द्रका शिक्षक, वि.व्य.स. अध्यक्ष, प्र.अ. र अभिभावकहरुबीच व्यापक छलफल र अन्तक्रिया गरेर केन्द्र व्यवस्थापन कार्यलाई सुधार गर्न कार्ययोजना निर्माण गरी कार्यान्वयन गरे बालविकास केन्द्र व्यवस्थापन कार्यलाई समयसापेक्ष सुधार गर्न सकिन्छ । बालविकासका

भवन सुविधा सम्पन्न, सुरक्षित र बालमैत्री हुनु जरुरी छ। बालविकास केन्द्र सञ्चालन गर्ने वि.व्य.स. र प्र. अ. हरुलाई समय समयमा बालविकास केन्द्र व्यवस्थापनका विविध पक्षबारे सचेत गराउन प्रबोधीकरण कार्यक्रम सञ्चालन गर्नु उपयुक्त हुन आउँछ। प्र.अ. र सम्बन्धित निकायले मासिक रूपमा बालविकास केन्द्र व्यवस्थापन गर्नको लागि अवलोकन, निरीक्षण र अनुगमन गर्ने कार्यलाई सशक्त बनाउनु पर्छ। विद्यालयका शिक्षक र केन्द्रका पदाधिकारीहरुले बालकेन्द्रको अवलोकन गरी सुधारका उपाय सुझाउनु पर्दछ। प्र.अ., विद्यालय व्यवस्थापन समिति र अभिभावकहरुको सहयोग र सहकार्यमा बालकक्षा व्यवस्थित रुपमा सञ्चालन गर्नु पर्दछ। सबै पक्षको सहयोग, सहकार्य, परामर्श र प्रयत्नबाट मात्र बालविकास कुन्द्रको कक्षा व्यवस्थापन गर्न सकिन्छ साथै गुणस्तरीय राम्रो बनाउन सकिन्छ।

## सन्दर्भ सामग्री


आचार्य, पदमराज (२०७८), *माध्यमिक शिक्षक दिग्दर्शन,* पौरखी प्रकाशन ।

खनाल, पेशल (२०६४), *शैक्षिक अनुसंधान पद्धति,* सनलाइट प्रकाशन ।

ज.ब.रा., स्वयंप्रकाश (२०६६), *बालविकास र सिकाइ,* विद्यार्थी पुस्तक भण्डार ।

पाठ्यक्रम विकास केन्द्र (२०७७), *प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम,* पाठ्यक्रम विकास केन्द्र ।

पोखेल, भिमप्रसाद (२०६६), *बालविकास केन्द्र र शिक्षण सिकाइ प्रक्रिया* (स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र), कन्काइ बहुमुखी क्याम्पस ।

भण्डारी, मुकुन्दप्रसाद (२०६४), *पूर्वबाल्यावस्था विकास,* ज्ञानकुञ्ज प्रकाशन ।

राष्ट्रिय योजना आयोग २०७७-२०७८ (२०७७), *प्रारम्भिक बालविकास केन्द्रको रणनीति,* राष्ट्रिय योजना आयोग ।

शिक्षा विभाग, (२०६१), *प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन निर्देशिका,* शिक्षा विभाग ।